# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : कैलाश गाउँपालिका, मकवानपुर , कैलाश गाउँपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्र.प्र.अ. श्री देवराज चौलागाई | २०७८-२-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लेखापाल श्री नविन घिताल | २०७८-१२-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३७,६७७,९६७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,७६,१६,१८४.१७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,३२,४५,००० | **चालु खर्च** | २३,०६,२७,०४८.७६ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,४९,५४,२८९ | **पूँजीगत खर्च** | १६,५३,०२,८८० |
| **राजश्व बाँडफाँट** | ११,०९,२८,८०८.९६ | **वित्तीय/अन्य व्यवस्था** | ९,२५,४७,५२७.०६ |
| **आन्तरिक आय** | १,५०,०९,०६३.३६ | | |
| **अन्य आय** | ९,७४,४०,७७६.०६ | | |
| **कुल आय** | ५५,१५,७७,९३७.३८ | **कुल खर्च** | ४८,८४,७७,४५५.८२ |
| **बाँकी मौज्दात** | | १५,०७,१६,६६५.७३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको<br>स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनश्चत गरी नागरिकलाई<br>गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत 10 वडा, 53 सभा सदस्य, 204.4 वर्ग किलो मिटर क्षेत्रफल तथा 23 हजार 922 जनसंख्या रहेको छ । | |
| २ | | | **संचित कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष<br>207८/ 7९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४६०९४८१९४.७६ | ४६१११२५५०.३२ | | ४६१११२५५०.३२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४५८७६८३६०.७६ | ४५४१३७१६१.३२ | ० | ४५४१३७१६१.३२ |
| ११००० कर | ११ | १०३०७८८४३.७६ | ११०९२८८०८.९६ | ० | ११०९२८८०८.९६ |
| १३००० अनुदान | | ३३७४६७००० | [illegible] | ० | [illegible] |

| | | | | | |
|---|---|---|---|---|---|
| [illegible] अनुदान | | [illegible] | [illegible] | ० | [illegible] |
| संघीय सरकार | १२ | २७५७५५०००. | २७३२४५०००. | ० | २७३२४५०००. |
| प्रदेश सरकार | १२ | ६१७१२०००. | ५४९५४२८९. | ० | ५४९५४२८९. |
| १४००० अन्य राजस्व | | १८२२२५१७. | १५००९०६३.३६ | ० | १५००९०६३.३६ |
| ख. अन्य प्राप्ति | | २१७९८३४. | ६९७५३८९. | | ६९७५३८९. |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | २१७९८३४. | ० | ० | ० |
| धरौटी | | ० | ६९७५३८९. | ० | ६९७५३८९. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५४२२७१५८२.९३ | ३९८०१२०६८.७६ | | ३९८०१२०६८.७६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५४००९१७४८.९३ | ३९५९२९९२८.७६ | | ३९५९२९९२८.७६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १४८६८०२००. | १३०३५३१६२.१६ | ० | १३०३५३१६२.१६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९५२०२७४३.७६ | ७०६७९८९४.१ | ० | ७०६७९८९४.१ |
| २५००० सहायता (Subsidy) | १८ | १४७६९०००. | १०५१२६११. | ० | १०५१२६११. |
| २६००० अनुदान | १८ | ५५००००. | ५५००००. | ० | ५५००००. |
| २७००० सामाजिक सुरक्षा | १८ | २२८४८०००. | १५९३२०९३.५ | ० | १५९३२०९३.५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | १८ | ११४६४०००. | २५९९२८८. | ० | २५९९२८८. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४६५७७८०५.१७ | १६५३०२८८०. | ० | १६५३०२८८०. |
| घ. अन्य भूक्तानी | | २१७९८३४. | २०८२१४०. | | २०८२१४०. |
| कोषहरु | | २१७९८३४. | ५९६३७०. | ० | ५९६३७०. |
| धरौटी | | ० | १६१४९३०. | ० | १६१४९३०. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१२९१६०. | | -१२९१६०. |
| ङ. यो वर्षको बचत (न्युन) | | -८१३२३३८८.१७ | ६३१००४८१.५६ | | ६३१००४८१.५६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८७६१६१८४.१७ | | ८७६१६१८४.१७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -८१३२३३८८.१७ | १५०७१६६६५.७३ | | १५०७१६६६५.७३ |
| बैंक तथा नगद बाकी | २४ | | १५०७१६६६५.७३ | | १५०७१६६६५.७३ |

३

**अन्तरसरकारी वित्तीय हस्तान्तरण**

अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गतका निम्नानुसारको कारोवार समावेश नभएकोले उक्त कारोवारले यथार्थ चित्रण गर्दैन ।

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><th>सि.न.</th><th>व्यहोरा</th><th>रकम</th></tr><tr><td>१</td><td>एकिकृत स्वास्थ्य पूर्वधार विकास कार्यक्रम</td><td>१५३०५९८०</td></tr><tr><td>२</td><td>गरीव संग विश्वेश्वर</td><td>६५८५००</td></tr><tr><td>३</td><td>सामाजिक सुरक्षा</td><td>७४५००९०७.०६</td></tr><tr><td></td><td>**जम्मा**</td><td>**९०४६५३८७.०६**</td></tr></table> | |
| ४ | | | **खर्च विश्लेषण**<br><br>पालिकामा यसबर्ष कुल आन्तरिक आयबाट रु. १ करोड ५० लाख ९ हजार , राजस्व बाँडफाँडबाट रु ११ करोड ९ लाख २८ हजार र अनुदानबाट रु ३२ करोड ८१ लाख ९९ हजार र अन्य आयबाट रु. ६९ लाख ७५ हजार समेत रु. ४६ करोड ११ लाख १२ हजार आम्दानी भएकोमा चालु तर्फ रु २३ करोड ६ लाख २७ हजार र पूँजिगत तर्फ रु १६ . करोड ५३ लाख २ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा रु. १ करोड ५० लाख ९ हजार (३।८) प्रतिशत रहेको छ । यसबर्ष प्रशासनिक खर्च वापत रु. १३ करोड ३ लाख ५३ हजार खर्च भएको छ जुन आन्तरिक आयको ११ गुणा हो । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.२५ प्रतिशत चालु र ४१. ७५ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका | |

लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा आंशिक मात्र गरेको पाईयो ।

• रु. २५ हजार भन्दा बढीको रकम चेकमार्फत भुक्तानी गर्नुपर्नेमा कतिपय कारोबारहरु कर्मचारीले पेश्की लिई भरपाई गराउने गरेको पाईयो ।

• निर्माण कार्यको लागि स्वीकृत म.ले.प.फा.नं.५०३ अनुसारको ढाँचामा नापी किताब नराखी कम्प्युटरबाट तयार गरेको लुजसीटमा नापी विवरण उल्लेख गरी खर्च लेख्ने गरेको पाईयो ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांस योजनामा पालना भएको पाईएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गरेको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

<table>
<tr><td></td><td></td><td></td><td>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन<br>• निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरी खर्च लेखेको पाईयो ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>कानून निर्माण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन,नियमावली, कार्यविधि लगायत ४६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td>२०७९-१०-२</td><td>मुद्दाको विवरण<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्क्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।<br><br><table><tr><td>अ ल्या</td><td>यस बर्ष थप</td><td>जम्मा</td><td>फछ्र्यौट</td><td>माथिल्लो निकायमा प्रेषण</td><td>मौज्दात</td></tr><tr><td>०</td><td>१</td><td>१</td><td>१</td><td>०</td><td>०</td></tr></table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>अवण्डा बजेट<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष चालु तथा पूँजीगत तर्फका विभिन्न बजेट शिर्षकमा प्रयोजन नखुलेका रकम एकमुष्ट विनियोजन</td><td></td></tr>
</table>

गरी आ.व.को अन्यमा विभिन्न योजनमा खर्च गर्ने गरेको देखिन्छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

९

**समन्वय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार गर्नुपर्ने व्यवस्था अनुरुप पालिकाले आफ्नो बार्षिक कार्यक्रम प्रदेश र संघीय सरकार वा निकायलाई र संघीय सरकार प्रदेश सरकारका निकायबाट गाउँपालिका भित्र गरिने कार्यको जानकारी पालिकालाई गराई समन्वयात्मक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

१०

**चौमारिक पूँजिगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले उपलब्ध गराएको विवरण अनुसार चैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पूँजीगत | १६५३०२ | ४९२२७ | १९७८२ | ९६२९२ | ५०१०६ |

कुल पूजिगत खर्च रकम मध्ये तस्रो चौमासिकमा ९ करोड ६२ लाख ९२ हजार खर्च भएकोमा अषाढमा मात्र रु ५ करोड १ लाख ६ हजार खर्च भएको छ । तसर्थ बर्षान्तको अन्त्यमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने भएकोले बर्षान्त अघि नै समयमा नै कार्य सम्पन्न गरि खर्च गर्ने कार्यमा सुधार गर्नुपर्ने देखिन्छ ।

११

**क्षेत्रगत बजेट**

पालिकाको क्षेत्रगत रुपमा कुल बजेट ५४ करोड ९१ हजार र खर्च ३९ करोड ५९ लाख २९ हजार को आधारमा समग्र रुपमा ७३.३१ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ

| सि.न. | क्षेत्र/उप क्षेत्र | खर्च | खर्च (%) |
|---|---|---|---|
| १ | आर्थिक विकास | २१६८७७७४ | ५.५ |
| २ | सामाजिक विकास | १६३०४५३८८.१७ | ४१.१८ |
| ३ | पूर्वधार विकास | १२८२०७४२१ | ३२.३२ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ३४१५४१९ | ०.८६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ७९५७३९२७ | २०.१ |
| | जम्मा | ३९५९२९९२८.७६ | १०० |

उपर्युक्त विवरण अनुसार गाँउसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४१.१८ प्रतिशत,पूर्वाधार विकासमा ३२.३२ प्रतिशत , र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ०.८६ तथा कार्यालय संचालन र प्रशासनिकमा गरी २०.१ प्रतिशत रहेको छ । आर्थिक विकास तर्फ ५.५ प्रतिशत मात्र रहेको देखियो ।अतः आर्थिक विकास र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी सुधार गर्नुपर्दछ।

१२

**बजेट पेश तथा पारित**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०७८।०३।१० मा नीति तथा कार्यक्रम एवं रु.४५ करोड ९६ लाख ३१ हजारको बजेट पेश भई २०७८/०३/३१ मा पारित भएको छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । तहका यस पालिकाले २०७७/०४/०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१३

**चौमासिक ठेक्का सम्झौता**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा तोकिए बमोजिमको अवस्थामा र खरिद मुल्यको आधारमा खरिद विधि निर्धारण गर्ने र प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरि व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष

| | | | | |
|---|---|---|---|---|
| | | | १० वटा ठेक्का व्यवस्था भएको देखिन्छ । । कार्यालयले नियमानुसार समयमा नै ठेक्का बन्दोबस्त गरि कार्य सम्पन्न गर्ने तर्फ सुधार गर्न आवश्यक छ । | |
| १४ | | | **सेवा प्रवाह**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (च) स्थानीय तहले स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क लगायतको सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था अनुसार यस गाउँपालिकाले यस आ व मा पंजिकरण सम्बन्धी सेवा प्रवाहको विवरणतपशिल बमोजिमको देखियो । | |

| वडा नं/शीर्षक | जन्मदर्ता | विवाहदर्ता | सम्बन्ध विच्छेद | बसाईसराई | मृत्युदर्ता | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १३४ | ४८ | ० | ७ | ११ | २०० |
| २ | १४४ | ४१ | २ | १७ | १८ | २२२ |
| ३ | ८४ | २६ | ० | १० | २५ | १४५ |
| ४ | १११ | २३ | ० | २८ | २१ | १८३ |
| ५ | १७५ | ४१ | १ | ८ | २१ | २४६ |
| ६ | १९१ | ४५ | ० | ९ | २९ | २७४ |
| ७ | १८९ | ४४ | १ | ८ | २४ | २६६ |
| ८ | ५० | १५ | १ | ५ | ४ | ७५ |
| ९ | १०५ | ४२ | ६ | २८ | ३९ | २२० |
| १० | ९४ | ५३ | ५ | २० | २६ | १९८ |
| जम्मा | १२७७ | ३७८ | १६ | १४० | २१८ | २०२९ |

| | | | | |
|---|---|---|---|---|
| १५ | | | **योजनाको वर्गिकरण** | |

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामुलक, उत्पादन मुलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउदा मध्यम तथा दीर्घकालिन प्रकृतिको योजनाहरुको सूची समेत तयार गरि कार्यन्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनोट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिको ठुला योजनाको छनौट नगरी स-साना टुक्रे योजनामा ठुलो मात्रमा बजेट छुट्याएको छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरि ठुलो योजना छनौटलाई प्राथमिकताम राख्नुपर्दछ । यस वर्ष संचालन भएका कामका योजनाहरु देहायअनुसार छन ।

| क्र.सं | विवरण | योजना संख्या |
|---|---|---|
| १ | १ लाख सम्मको योजना | ४९ |
| २ | १ लाख देखी ५ लाख सम्म | ९४ |
| ३ | ५ लाख देखि १५ लाख सम्म | २२ |
| ४ | १५ लाख देखी ५० लाख सम्म | २० |
| ५ | ५० लाख भन्दा माथि | ९ |

१६

**दरवन्दी पदपूर्ति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफ ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारि समायोजन भए पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले पेश गरेको स्वीकृत दरबन्दी चार्ट अनुसार प्रमुख प्रशासकीय अधिकृत समेत कुल दरबन्दी संख्या ६२ जना रहेकोमा ४१ जना स्थायी र करारमा ९८ जना गरि कुल १३९ जना कर्मचारीहरु कार्यरत रहेको देखिन्छ । स्थायी दरबन्दि तर्फ २१ जना कर्मचारी रिक्त रहेको देखियो । जसले गर्दा गाउँपालिकाको सेवा प्रवाहमा असर पार्ने हुदा यथासिध्र स्थायी पदपुर्ति गर्ने तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखियो ।

१७

**पेश्की बाँकी** ५,७९१,०६५

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ४७ (२) मा सरकारी कामकाजको लागि लिएको पेश्की १५

दिन भित्रमा फछ्र्योंट गर्नुपर्ने व्यवस्था गरिएको छ भने सोहि नियमावालीको नियम ५२ मा सरकारी कामकाजको लागि दिएको पेश्की सोही आ.व.मा फर्छौट हुन नसकेमा कार्यालय प्रमुखले पेश्की लिने पक्षको आवश्यक विवरण उल्लेख गरि पेश्की बाँकीको विवरण प्रमाणित गरि राख्नुपर्ने व्यवस्था छ । पालिकाको विभिन्न कार्यक्रमको लागि लिएको पेश्की समयमा नै फछ्र्योंट गरेको देखिएन । तसर्थ नियमानुसार समयमा नै पे.फ. गर्ने तर्फ सुधार गर्नुपर्ने देखियो । यस आ. व. मा म्याद नाघेको पेश्की रु ५७९१०६५ रहेको छ । नियमानुसार समय मै पेश्की फर्छौट गर्नुपर्ने रु

| सि.नं. | पेश्की लिने व्यक्ति फर्म वा कम्पनी नाम | पेश्की रकम | कैफियत |
|---|---|---|---|
| १ | श्याम सुन्दर महत्तो | १००००० | |
| २ | सन्ध्या रिजन जे भि | ८११००० | |
| ३ | ॐ अटुट कन्स्ट्रक्सन | १०३४२२० | |
| ४ | वीर गोर्खाली निर्माण सेवा | १०५०००० | |
| ५ | टाण्डव कन्स्ट्रक्सन कम्पनी प्रा.ली. | ६००००० | |
| ६ | कटुन्जे स्वस्थ्य चौकी | ६००००० | |
| ७ | कालिका मा वि तथा प्राविधिक शिक्षालय | २५०००० | |
| ८ | अग्रि इन्कर्पोरिटेड प्रा.ली. | १०५०८४५ | |
| ९ | दिनेश हुमागाई | १०६००० | |
| १० | प्रदिपनाथ शर्मा | १८९००० | |
| जम्मा | | ५७९१०६५ | |

१८

**आन्तरिक लेखापरीक्षण**

आन्तरिक लेखापरीक्षण स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु

| | | | | |
|---|---|---|---|---|
| | | | पर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १९ | | | **अभिलेख-**<br><br>खानी तथा खनिज पदार्थ नियमावली २०५६ को नियम २२ बमोजिम प्राप्त हुनुपर्ने रकम र पालिका तथा वार्डवाट प्राप्त राजश्व आम्दानी तथा दाखिलाको अद्यावधिक अभिलेख राखेको नदेखिदा अद्यावधिक अभिलेख राखिनु पर्दछ । | |
| २० | | | **वार्ड वाट प्राप्त रकम-**<br><br>पालिकामा विभिन्न वार्ड कार्यालय मार्फत रकम असुली गरी दाखिला गरेकोमा देहायको अवधी पश्चात कति असुल भएको हो सो को विवरण सहित दाखिला गरेको नदेखिदा उक्त रकम एकिन गरी दाखिला गर्नुपर्दछ । | |
| २१ | | | **अमानत-** | |

| वार्ड नं. | राजश्व प्राप्त भएको अन्तिम अवधि |
|---|---|
| १ | २०७९।३।७ |
| २ | २०७९।३।२४ |
| ३ | २०७९।३।२३ |
| ५ | २०७९।३।१४ |
| ६ | २०७९।३।१२ |
| ७ | २०७९।३।२७ |
| ९ | २०७९।३।२२ |
| १० | २०७९।३।२० |

| | | | | |
|---|---|---|---|---|
| | | | राजश्व परामर्श समितिको २०७८।९।१ को निर्णय नं.२ अनुसार पालिकावाट आई.ई.ई. भएको क्षेत्रवाट ढुङ्गा, गिटी, बालुवालाई अमानतमा विक्रि गर्ने निर्णय भएकोमा त्यसप्रकारवाट अमानतमा विक्रि गरी आम्दानी नगरेकोमा त्यसको कारण स्पष्ट गरेको छैन । | |
| २२ | | २०७९-१०-२ | **आन्तरीक आय-**<br><br>मिति २०७८।९।१ गतेको राजश्व परामर्श समितिको निर्णय नं.३ अनुसार कैलाश गाँउपालिका कार्यालयको क्षेत्र भित्र रहेको गोरङ्गदी दोभान र माझधनीमा भएको ढुङ्गा, गिटी, वालुवालाई ढुङ्गा, गिटी वालुवा अनुगमन तथा समन्वय समितिको मिति ०७८।८।२० को निर्णय र मिति २०७८।८।२१ को पत्रअनुसार २५३०० घन.मिटर स्टक प्रमाणित भई आएको र सो स्टकको लागत अनुमान स्वीकृत गरी ठेक्का प्रकृया अगाडी बढाउने गरी निर्णय भए अनुसार गतिशील निर्माण सेवा हेटौडा संग रु.९३४९९९९.८६ को ठेक्का सम्झौता भएको पाईयो । तर स्टक मात्र विक्रि गर्ने गरी निर्णय भएकोमा मिति २०७८।९।२७ को सूचना तथा सम्झौतामा मनहरी खोलाको कालीकाटार देखि गोराङ्गदी दोभान सम्म स्टक प्रमाणित भएको क्षेत्रहरुवाट तोकीएको मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन/उत्खनन् को कार्य गर्ने गरी सम्झौता गरेकोमा राजश्व परामर्श समितिको निर्णय विपरीत उत्खननको लागी सूचना गरी सम्झौता भएको कारण स्पष्ट भएको छैन । | |
| २३ | | २०७९-१०-२ | **हस्तान्तरण-**<br><br>एक विद्यालय एक नर्स कार्यक्रमवाट सिलिङ्ग पंखा, औषधी, कार्पेट, रिभल्भिङ्ग चेयर लगायत भौ.न.२५ र मिति ०७९।३।२५मा रु.२४९४८३ मा खरिद गरी विभिन्न ४ वटा पार्टीलाई दा.नं.२७४ मिति ३।२४ वाट भुक्तानी देखाएकोमा हस्तान्तरण नभएको रु. | २४९,४८३ |
| २४ | | | **ह्वील चियर-**<br><br>अपाङ्ग भएका व्याक्तिहरुका लागी सामुदायमा आधारीत पुर्नःस्थापना सहयोग कार्यक्रम अन्तर्गत ह्वील चियर १५ थान लगायत ग्लोवल सर्जिकल टेड्रिङ्ग, हेटौडावाट भौ.न.२४ र मिति ०७९।३।२५ वाट रु.२९९२०१ मा खरिद गरी मिति ०७९।३।२३ मा दाखिला नं.२४० वाट दाखिला गरेकोमा उक्त सामान हस्तान्तरण गरी प्रयोगमा समेत नआएको रु. | २९९,२०१ |
| २५ | | | **न्यूनतम सेवा मापदण्ड-**<br><br>न्यूनतम सेवा मापदण्ड सुधारका लागी स्वास्थ्य संस्थालाई सशर्त अनुदान वापत प्रति संस्था रु.५० हजारको दरले रु.२५०००० निम्नानुसार रकम उपलब्ध गराएकोमा अनुगमन गरी विल भर्पाई सहितको प्रमाण पेश नभएको रु. | २५०,००० |

| भौ.न. र मिति | नाम | रकम |
|---|---|---|
| २०।०७९।३।२० | कटुन्जे स्वास्थ्य चौकी | ५०००० |
| | गोगने स्वास्थ्य चौकी | ५०००० |
| | नामटार स्वास्थ्य चौकी | ५०००० |
| | डाँडा खर्क स्वास्थ्य चौकी | ५०००० |
| | मार्ता पुण्यदेवी स्वास्थ्य चौकी | ५०००० |
| | **जम्मा** | **२५००००** |

२६

**मु.अ.कर**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७३ बमोजिम मु.क.कर वापत उठाएको रु.१०७६५३०.४६ संघीय सरकारको सम्वन्धित खातामा दाखिला गर्नुपर्ने रु.

१,०७६,५३०.४६

२७

**पदाधिकारी बैठक भत्ताः-**

बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची १ मा उल्लेख भएका सुविधा पाउने उल्लेख छ भने सोही ऐनको अनुसूची १(ख) मा पालिकाका प्रमुख, उपप्रमुख, कार्यापालिका सदस्य तथा वडा सदस्यले प्रति वैठक रु.१००० भत्ता पाउने व्यवस्था रहेको छ । तर पालिकाले निम्ननुसारको पदाधिकारीलाई वैठक वापत वढी भुक्तानी गरेको सम्वन्धित पदाधिकारी वाट असुल गर्नु पर्ने रु.

६५,४५०

| गो.भौ.न./ मिति | विवरण | प्रयोजन | बैठक भत्ता वापत भुक्तानी दिनु पर्ने | बैठक भत्ता भुक्तानी गरेको रकम | कर कट्टी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २७६।२०७८।१०।१३ | वडा अध्यक्ष सहित ६ जना पदाधिकारी | फरफारम समितिको बैठक | ३६००० | ५४००० | २७०० | १५३०० |
| | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५७८।३।२२ | वडा अध्यक्ष सहित ११ जना पदाधिकारी | राजश्व परामर्श समितिको बैठक | १५००० | २२५०० | ११ २५ | ६३७५ | |
| | | | ५८६।०७९। ३।२२ | पालिकाका पदाधिकारीहरु(अध्यक्ष वाहेक) | सभा सञ्चालन | १०३००० | १५४५०० | ७७ २५ | ४३७७ ५ | |
| | | | | **जम्मा** | | | | | **६५४५ ०** | |
| २८ | | | **कर्मचारी प्रोत्साहन भत्ता:-**<br><br>आय कर ऐन २०५८ को दफा ८८ (१) र ९२ (१) मा पट्के भुक्तानीमा १५ प्रतिशत कर कट्टी गरि बाँकी रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । भौ.न. ६,२९५ र मिति २०७८।०५।१५, ०७८।१०।१५ मा कर्मचारी प्रोत्साहन तथा पुरस्कार खर्च शिर्षकबाट आठौं गाउँसभा सम्पन्न गर्न नीति, कार्यक्रम, बजेट तर्जुमा, गाउँसभाको व्यवस्थापन, बजेट तयार तथा प्रस्तुत गर्ने कार्यमा अतिरिक्त समय खटिएबापत बापत प्रमुख प्रशासकीय अधिकृत श्री देवराज चौलागाई, लेखा अधिकृत श्री नविन गोले, सूचना प्रविधि अधिकृत श्री प्रकाश राईलाई र लेखापाल श्री त्रिलोक थापा मगरलाई भत्ता वापत कुल जम्मा रु २५०१४० भत्ता भुक्तानी गरेको छ ।पालिकाले पटके भत्ता वितरण गर्दा एक प्रतिशत सा.सु कर कट्टी गरि भुक्तानी गरेकोले वाँकी कर सम्वन्धित पदाधिकारीवाट रु.३५०१९.६ यकिन गरी असुल पर्ने रु.<br>। | | | | | | | ३५,०१९.६ |
| २९ | | | **कोरोना जोखिम भत्ता-**<br><br>आयकर ऐन २०५८ को दफा ८८ (१) र ९२ (१) ज मा पटके भुक्तानीमा १५ प्रतिशत कर कट्टी गरि बाँकी रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा पालिकाले कोरोना-19 संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन वापत २०७८।५। १५ गतेको गो.भौ. नं ९ र १२ बाट प्रशासन सेवा तर्फको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत तथा स्वास्थ्य सेवा तर्फको कर्मचारीहरुलाई जेठ, असार, श्रावण, भाद्र, असोज र कार्तिक महिना गरि कार्यविधि अनुसार रु २१६४४८० को सामाजिक सुरक्षा कर कट्टी गरि रु २१४२८३५ रुपैयाँ भुक्तानी भएको देखिएको छ । उक्त भौचरहरु लेखा परिक्षण गर्दा कार्यविधिमा उल्लेख भए बमोजिमका सम्बन्धित कार्यमा संलग्न व्यक्तिहरुले स्वास्थ्य संस्थामा कोरोना संक्रमित बिरामीको उपचार भएको प्रमाणित गर्ने कागजात र क्वारेनटाइनमा काम गरेको भनि प्रमाणित गर्ने आवश्यक कागजात पेश गर्नुपर्नेमा सो कार्य गरेको देखिएन ।साथै पालिकाले भत्ता वितरण गर्दा पटके कर रु.३०३०२७.२ यकिन गरी सम्वन्धित पदाधिकारीवाट असुल गर्नुपर्ने रु. | | | | | | | ३०३,०२७.२ |

| | | | | |
|---|---|---|---|---|
| ३० | | २०७९-१०-२ | **सफ्टवेयर खरिद-**<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन) निर्देशिका २०७१ को बुदाँ नं ४.१ म कुनै पनि सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संचालन गर्नको लागि प्रयोग गरिने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरि मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च शीर्षकबाट सफ्टवेयर खरिद गरि भौ.नं ३०८/०७८।१०।१७ मा दैलो टेक्नोलोजीलाई ४९१७१५ भुक्तानी गरेकोमा खरिद गरेको सफ्टवेयर सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको रु. | ४९१,७१५ |
| ३१ | | | **पारिश्रमिक कर कट्टी:-**<br><br>आय कर ऐन २०५८, दफा ८ मा रोजगारबाट भएको आय गणना तथा सालबसाली आर्थिक ऐन बमोजिम बार्षिक आय गणना गरि नियमानुसार पाउने छुट गरि बाँकी आय को नियमानुसार परिश्रमिक कर रकम असुल गरि सम्बन्धित राजस्व खातामा जम्मा गर्नुपर्नेमा कार्यालयले तलवको अतिरिक्त प्रतिमहिना तलवको ३० प्रोत्साहन भत्ता र ईन्जिनियरका लागि फिल्ड भत्ता समेत भुक्तानी गरेकोमा १ प्रतिशत मात्र कर भुक्तानी गरेकोमा पालिकाले वाँकी आय गणना गरी कर दाखिला गर्नु पर्दछ । | |
| ३२ | | | **टुक्रा खरिद-**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) अनुसार सार्वजनिक निकायले एकलाख भन्दा बढी रकमको सोझै खरिद गरेर मौजुदा सूचीमा रहेका कम्तिमा ३ वटा आपूर्ती कर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरि खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले विभिन्न मितिमा रु एकलाख भन्दा बढि मूल्यका मालसामान खरिद गर्दा लिखित दरभाउपत्र, सलबन्दि प्रस्ताव, वोलपत्र प्रक्रिया बेगर नै रु.७५८५१९ को सोझै खरिद गरेको नियम संगत नदेखिएको रु. | ७५८,५१९ |

| भौ. न ./ मिति | विवरण | भुक्तानी पाउने फर्म | रकम |
|---|---|---|---|
| २९८।१०।१७ | मसलन्द तथा कार्यालय सामाग्री | कृतज्ञ सप्लायर्स | २९८८८५ |
| ३०१।१०।१७ | मसलन्द तथा कार्यालय सामाग्री | कृतज्ञ सप्लायर्स | ९८६२३ |
| ३०१।१०।१७ | मसलन्द तथा कार्यालय सामाग्री | न्यु शिवशक्ति सप्लायर्स | १३३२४२ |
| ३०३।१०।१७ | मसलन्द तथा कार्यालय सामाग्री | कृतज्ञ सप्लायर्स | ९७५५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | |
|---|---|---|---|
| ३०४।१०।१७ | मसलन्द तथा कार्यालय सामाग्री मसलन्द तथा कार्यालय सामाग्री | न्यु शिवशक्ति सप्लायर्स | ९७६१८ |
| ३०६।१०।१७ | मसलन्द तथा कार्यालय सामाग्री | कृतज्ञ सप्लायर्स | ३२५९५ |
| | जम्मा | | ७५८५१९ |

३३

**प्रशिक्षक भत्ता-**

कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ (३) मा प्रशिक्षकलाइ मासिक रुपमा मुख्य प्रशिक्षकलाई रु.१०००० र सहायक प्रशिक्षकलाई रु.७००० का दरले प्रशिक्षक भत्ता दिनु पर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले तालिम, गोष्ठि, अध्ययन भ्रमण, पदाधिकारी तथा कर्मचारी इन्धन, टेलिफोन खर्च सम्वन्धी मापदण्ड,२०७६ को परिच्छेद २(ग)मा आवधिक रुपमा सञ्चालन हुने कार्यक्रम ३० कार्य दिन भन्दा बढीको हकमा मुख्य प्रशिक्षकलाई रु.३५००० र सहायक प्रशिक्षकलाई रु.२५००० दिने भनि व्यवस्था गरि तालिम सञ्चालन गरेको छ । खर्चलाई मितव्ययीता वनाउन पालिकाले संघको कानून अनुरुप एकरुपता कायम गर्नु उपयुक्त देखिन्छ । केही उदाहरणहरु

| भौ.न. र मिति | तालिम | भुक्तानी पाउने | प्रति महिना दर | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४६६।०७९।२।१८ | सिलाई वुनाई तालिम | महिला लक्षित कार्यक्रम सिलाई कटाई उ.स. | २५००० | १५०००० |
| ४८३।०७९।२।२६ | वालमैत्री घोषणा कार्यक्रम | राजेन्द्र लामा, सुदन वि.क., हस्तराम रेग्मी | २५००० | ७५००० |

३४

**नाफामुलक संस्थालाई सहयोग-**

२९१,०००

पालिकाले सार्वजनिक हितका लागी खर्च गर्नु उपयुक्त देखिन्छ । साना किसान कृषि सहकारी भवन निर्माण योजना उ.स.लाई भौ.न.५११ र मिति ०७९।३।९ मा रु.२९१००० सहकारी संस्थालाई भवन मर्मतका लागी भुक्तानी गरेको अनियमित रु.

३५

**दोहोरो भुक्तानी-**

३,०००

कार्यालय प्रमुख देवराज चौलागाई निम्नानुसारको मितिमा भ्रमण/काजमा गई दैनिक भ्रमणभत्ता लिएको समयमा देहाय बमोजिम वैठक भत्ता समेत दोहोरो भुक्तानी लिएको देखिदा उक्त रकम असुल गर्नु पर्ने रु.

| भौ.न. र मिति | भ्रमण गरेको मिति | बैठक भत्ता लिएको भौ.न. र मिति | बैठक भत्ता लिएको मिति | रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १४२।८।९ | ०७८।७।१ देखि ७।७ सम्म | ३१४।१०।१७ | ७।५ | १००० |
| | ०७८।९।२५-९।३० | ३१५।१०।१७ | ९।२६ | १००० |
| | २०७८।९।१६-९।२० | ३१५।१०।१७ | ९।१८ | १००० |
| | **जम्मा** | | | **३०००** |

| | | | | |
|---|---|---|---|---|
| ३६ | | | **यातायात खर्च-**<br><br>पालिकाले निर्वाचनको समयमा मतपेटीका ओषार पोसार गर्नका लागि भौ.न.५१७ र मिति ०७९।३।११ मा रु.४२५०० भुक्तानी गरेको देखिन्छ । पालिकाले अधिकार क्षेत्रभन्दा वाहीरको कार्यमा खर्च गरेको अनियमित रु. | ४२,५०० |
| ३७ | | | **तालिम-**<br><br>आर्थिक नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भर्पाई सहित लेखा राख्नुपर्ने तथा सोही नियमावलीको नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले स्वास्थ्यकर्मीहरुलाई तालिम वापत सुधिर कुमार महत्तो लाई भौ.न.३१९ र मिति २०७८।१०।१७ मा रु.१७२७०० भुक्तानी दिएकोमा तालिमका लागी आवश्यक पर्ने कार्यपत्र पेश नभएको तथा तालिमको उदेश्य नखुलेको रु. | १७२,७०० |
| ३८ | | | **भ्रमण खर्च-**<br><br>भ्रमण खर्च-बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क)१ मा स्थानीय तहका पदाधिकारीहरुले अनुसूची १ मा उल्लेख भएका सुविधा मात्र पाउने उल्लेख छ । वडा अध्यक्षले अनुसूची १(ख)९ अनुसारको भ्रमण खर्च पाउने व्यवस्था गरेको छ । सोही ऐनको ७.१ मा आफ्नो कामको सिलसिलामा आफ्नो निकायको कामको सिलसिलामा आफ्नो क्षेत्रभन्दा बाहिर गई बास बस्नु परेमा अनुसूची -१ क. मा उल्लेख भएबमोजिम भत्ता पाउने व्यवस्था छ। पालिकाले पदाधिकारीलाई आफ्नो क्षेत्र भित्र भ्रमण गर्दा भुक्तानी दिएको नियम संगत नदेखिएको रु. | ६,३०० |

| गो. भौ . न ./ मिति | व्यहोरा | भ्रमण गरेको मिति | भ्रमण गरेको स्थान | रकम |
|---|---|---|---|---|
| ३९७।१।८ | वडा नं. ७ का वडा अध्यक्ष | ०७८।१२।१० देखि ०७८।१२।१५ | वडा कार्यालयहरु | ६३०० |

| | | | | |
|---|---|---|---|---|
| ३९ | | | **अनुपस्थित पदाधिकारीलाई वैठक भत्ता-**<br><br>आर्थिक नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भर्पाई सहित लेखा राख्नुपर्ने तथा सोही नियमावलीको नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले वोलपत्र मूल्याङ्कन गरेवापत भौ.न.३१५ र मिति ०७८।१०।१७ मा भुक्तानी गर्दा बैठक मिति ०७८।९।२६,८।२१,९।१८ मा ४ जना पदाधिकारीको अनुपस्थितमा रु.९००० भुक्तानी गरेको छ । पालिकाले यकिन गरी सम्वन्धित व्याक्तिवाट असुली गर्नु पर्दछ । | ९,००० |
| ४० | | २०७९-१०-२ | **अघिल्लो आ.व.को भुक्तानी-**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को दफा ३९(१५) को विपरीत पालिकाले अध्यक्ष श्री टंक वहादुर मोक्तान सहित १० जना वडा अध्यक्षले मिति २०७७।१०।१२ मा भ्रमण गरेको भनि भौ.न.२९३ र मिति २०७८।१०।१४ मा रु.१०७००० भुक्तानी गरेको छ । पालिकाले अघिल्लो आ.व.को भुक्तानी प्रदान गरेको नियम संगत नदेखिएको रु. | १०७,००० |
| ४१ | | | **ट्रान्सफर्मर-**<br><br>पालिकाले भौ.न.३३१ र मिति ०७९।३।२४ वाट त्रिशक्ति ट्रेडिङ्ग सप्लायर्स वाट २५ के.भि. को ट्रान्सफर्मर २ थान रु.६७८००० मा खरिद गरेको छ । ति मध्ये १ वटा जडान भएको र १ वटा कार्यालयमा नै रहेकोले अविलम्व जडान गरेको प्रमाण पेश गर्नु पर्ने रु. | ६७८,००० |
| ४२ | | | **बिधुतीय सामाग्री-**<br><br>बिधुतीय सामाग्री खरिद, जडान तथा विस्तार कार्यक्रम अन्तर्गत कैलाश ३,४,७ र ८ अन्तर्गत विधुतीकरण प्रयोजनार्थ विभिन्न विधुतीय सामाग्री ८०० थान ११ के.भी.को इन्सुलेटर ३२० थान लगायतको विधुतीय सामाग्रीहरु स्वाभिमान ट्रेडर्स एण्ड सप्लायर्स वाट भौ.न. ३१३ र मिति ०७८।३।२२ मा रु.७३९२५५ खरिद गरी दाखिला नं. २०९ मिति २०७९।३।१४ वाट कार्यालयमा दाखिला गरेको छ, तर उक्त सामाग्री प्रयोगमा नआई कार्यालयको हाता मै रहेकोले उदेश्य बमोजिम प्रयोगमा ल्याउनुपर्ने रु. | ७३९,२५५ |
| ४३ | | | **कृतिमान डाँडा उकालो मोडदेखी गाउँपालिका सम्म जाने मूल सडक मर्मत-** | ५४२,२१० |

| | | | | |
|---|---|---|---|---|
| | | | कृतिमान डाँडा उकालो मोडदेखी गाउँपालिका सम्म जाने मूल सडक मर्मत तथा विस्तार वापत नरेन्द्र दत्त भट्ट लाई रु.१६०८७८ र शिवम फ्यूल सेन्टर लाई तेल वापत रु.३७३११३ समेत जम्मा रु.५४२२१० खर्च लेखेको छ । तर गुरास सिमेन्ट प्रा.लि. को सहयोग समेत रहेको उक्त कार्यक्रममा लागत अनुमान स्वीकृत नभएको र सम्पादीत कार्यको मूल्याङ्कन सहित कार्यसम्पन्न समेत नभएकोले गुरास सिमेन्टको योगदान समेत खुल्ने गरी स्वीकृत लागत अनुमान सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | |
| ४४ | | | **घुमाउने वुकुटी लिक्चे लावती सडकः-**<br><br>आर्थिक कार्यविधि नियमावली २०७७ नियम ४१ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि आवस्यक प्रमाण पुगे नगपुगेको सुनिश्चित गरी सो को आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले घुमाउने वुकुटी लिक्चे लावती सडक निर्माणको लागि रु .३४२४००२ को लागत अनुमान तयार गरी उपभोक्ता समितिको रु रु.४२४००२ लागत साझेदारी हुने गरी मिति २०७८।२।२८ मा उपभोक्ता समिति संगको सम्झौता भएको छ । मिति २०७८।३।२५ मा निर्माण कार्य सम्पन्न भएको भनी यस बर्ष गो भौ नं २३०।२०७९।३।२ बाट रु २६४२९७० भुक्तानी भएको छ । पालिकाले भुक्तानी दिन बाँकी विवरण तयार नगरेको साथै के कति कारणले निर्माण कार्य सम्पन्न भएतापनि भुक्तानी दिन नसकिएको हो सो को एकिन कारण वेगर चालू आ व मा रु २६४२९७० भुक्तानी भएको छ । यस आ व मा भुक्तानी गर्नुपर्ने कारण तथा प्रमाण पेश गर्नुपर्ने रु | २,६४२,९७० |
| ४५ | | | **लिफ्ट खानेपानीः-**<br><br>डुम्रे गर्लाङ्ग खानीडाँडा कोथलीटार लिफ्ट खानेपानी संचालनको पालिकाको रु.१५ लाख लगानी गर्ने गरी रु.१६४९५३५ को लागत अनुमान मध्ये चालुबर्ष ट्याङ्की निर्माण प्रयोजनार्थ भौ.न.३३७ र मिति ०७९।३।२४ मा रु.१४४६७९२ खर्च गरेको छ । तर खोलावाट पाईप मार्फत पानी ल्याई ट्याङ्कीमा खसाले पछी वितरण प्रकृया समेत बाँकी रहेको अवस्थामा चालुवर्ष उक्त खा.पा. योजनाको लागी वजेट विनियोजन नभै अधुरो रहेकोले क्रमागत रुपमा वजेट विनियोजन गरी अधुरो खानेपानी योजना सम्पन्न गर्नुपर्दछ । | |
| ४६ | | | **एकिकृत स्वास्थ्य पूर्वाधार तर्फः-**<br><br>ठेक्का नं.९।०७७।७८ को Construction of 10 bed Primary Hospital Building कैलाश-३ अन्तर्गत आशिष/आशिर्वाद/ स्वामीनारायण जेभी संग रु.६५८९९१७६.८३ को ठेक्का रकम स्वीकृत भै मिति ०७९।८।३० भित्र कार्यसम्पन्न गर्ने गरी ०७८।२।२७ मा सम्झौता भएकोमा पालिका वाट रु.११६८०००० पेश्की दिई प्रथम विल रु.९४६५९८० भुक्तानी भएको छ । उक्त अस्पतालको सुरु | |

| | | | | |
|---|---|---|---|---|
| | | | पिल्लर मात्र उठाउने कार्य भैरहेकोले कार्यसम्पादन स्थीतिति न्यून रहेको छ । भने अर्को तर्फ २०७९ मंसिर ३० भित्र कार्यसम्पन्न गर्नुपर्नेमा म्याद थप समेत नभएकोले नियमानुसार हर्जना लिई कार्यसम्पादन गर्नुपर्दछ । | |
| ४७ | | | **पूर्वनिर्धारित क्षतिपुर्ति-**<br><br>ठेक्का नं.६।०७८।७९ अन्तर्गत सन्ध्या निर्माण सेवा र यस पालिका विच गोगेन कालीकाटार सडक निर्माणको लागी रु.४८९२१२१.८८ मा मिति २०७८।८।१४ मा सम्झौता भै ०७९।१।३० सम्म निर्माण सम्पन्न गर्ने सम्झौता भएकोमा भौन ३४५ मिति ०७९।३।२५ वाट पहिलो रनिङ्ग विल बापत रु.२५६६८४८ भुक्तानी दिएको छ । कार्यालयवाट अन्तिम पटक २०७९।७।३० सम्म म्याद थप गरेकोमा उक्त समय सम्म पनि कार्यसम्पन्न नभएको भनि पालिकाको २०७९।८।२५ को पत्रवाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार सम्झौता रकमको १० प्रतिशत नवढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारीत क्षतिपूर्तिको लागी उक्त निर्माण व्यवसायीलाई पत्राचार गरेकोले पूर्वनिर्धारीत क्षतिपुर्ति लिई निर्माण सम्पन्न गर्नुपर्दछ । | |
| ४८ | | | **हस्तान्तरण नभएकोः-**<br><br>निको स्वास्थ्य चौकीको लागि स्वास्थ्य सामाग्री तथा औषधीहरु निम्नानुसार रु.८९७६७९मा खरिदगरी भुक्तानी दिएकोमा उक्त सामाग्री हस्तान्तरण गरेको प्रमाण संलग्न नभएको रु.<br><br>भौ. न . र मिति \| भुक्तानी पाउने \| रकम<br>११।०७९।३।२४ \| आर आर सप्लायर्स \| ४१२५५<br>\| ग्लोवल सर्जिकल्स ट्रेडिङ्ग \| ३३६६९४<br>\| युनिक फर्मा \| ५१९७३०<br>\| जम्मा \| ८९७६७९ | ५१९,७३० |
| ४९ | | | **उपभोक्ताको कार्य निर्माण व्यवसायी वाट गराएको-**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायी वा सव कन्ट्याक्टर वाट गर्न नपाईनेमा पालिकाले अधिकांश सडक निर्माण तथा स्तरोन्नती कार्य गर्दा निर्माण व्यवसायी वाट गराई डोजर तथा इन्धनको | |

विलको आधारमा मूल्याङ्कन गरी भुक्तानी दिएको व्यहोरा गत विगत बर्षमा समेत औल्याईएकोमा त्यसमा सुधार भएको नदेखिदा उपभोक्ता समितिले पाएको कार्य स्वयम वाट गरी योजना कार्यान्वियन गर्नुपर्दछ । केही उदाहरणहरु-

| भौ. न . र मिति | कार्यक्रम | कार्य गर्ने सवकन्ट्रक्सन | भुक्तानी रकम |
|---|---|---|---|
| १।०७९।३।२१ | सानो डाँडा खर्क घडेरी अल्छी सडक स्तोरोन्नती उपभोक्ता समिति | कैलाश निर्माण सेवा | ९६४८०६ |
| ४।०७९।३।२१ | सतपुरे औगेटार जुरुवाङ मोटरवाटो स्तरीकरण उपभोक्ता समिति | भिमवुङ निर्माण सेवा प्रा. लि . | ८२७६४१ |
| ४।०७९।३।२३ | घुसराङ चम्पाखानी हुदै देउराली गोपेघारी जोड्ने सडक वाटो नि. उ . स . | बज्र निर्माण सेवा | ५९८७१७ |
| ४।०७९।३।२४ | स्यार्से छैराङ कृषि सडक नि. उ . समिति | ईन्भेष्टमेन्ट एण्ड क . प्रा . लि . | ८१६९८५ |

५०

**स्वीकृत नभएकोः-**

९७०,०००

प्रदेश पूर्वधार, स्वास्थ्य प्रवर्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम अन्तर्गत वाट सार्वजनिक हितमा प्रयोग हुने गरी कार्यक्रम संचालन गर्नुपर्नेमा नितान्त निजी कार्यक्रमको लागी प्रेस क्लीनिक पूर्वधार निर्माण वापत उपभोक्ता समिति गठन गरी रु.९७०००० लाई भुक्तानी दिएकोमा स्वीकृत कार्यक्रममा समेत समावेस नभएकोले अनियमित भएको रु.

५१

**डुसराङ खानेपानीः-**

कैलाश-४ डुसराङ खानेपानी योजनाको लागी प्रदेश सरकार शसर्त अनुदानवाट विर रोल्पाली निर्माण सेवा संग रु.२९०६०३२.४६ मा सम्झौता भै इन्टेक निर्माण, पाइप लाईन र ट्याङ्की निर्माणको कार्य वापत रु.२८९३७९८ को कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ, तर ट्याङ्की देखी उपभोक्ताको घरसम्म पाईप लाइन विस्तार गरी पानी वितरणको कार्य नभएको र चालु बर्ष उक्त कार्यक्रमको लागी वजेटको व्यवस्था समेत भएको नदेखिदा, उक्त खानेपानी योजनामा वजेटको सुनिश्चितता गरी सम्पन्न गर्नुपर्दछ ।

५२

**संघीय सरकारवाट हस्तान्तरीतः-**

३९५,९९९

| | | | | |
|---|---|---|---|---|
| | | | संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम पूँजीगत अन्तर्गत नविकरणीय उर्जा प्रविधि जडान वाट सुधारीएको फलामे चुल्हो(तिन मुखे) ३३ थान प्रविधि उत्थान ईन्जिनियरीङ्ग केन्द्र प्रा.लि. हेटौडावाट रु.३९५९९९ मा खरिद गरी दाखिला नम्वर १९२ मिति ०७९।३।७ वाट दाखिला गरेकोमा उक्त चुल्हो हरु लक्षित वर्गलाई वितरण नगरी मौज्दातमा रहेकोले उदेश्य अनुरुप बितरण गर्नुपर्ने रु. | |
| ५३ | | | **बैङ्क ग्यारेन्टीः-**<br><br>नामटार अस्पताल निर्माणको लागी ताण्डव कन्ट्रक्सन क.प्रा.लि. संग मूअकर सहित रु.१४३८२००१.१४ मा २०८१।३।१ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको छ, सम्झौता वमोजिम उक्त कन्ट्रक्सन लाई भौ.न.८ र मिति ०७९।३।१ मा रु.६००००० पेश्की दिएकोमा नेपाल वंगालदेश बैंक लि. को APG-00867/77 को म्याद ९/०९/२२ मा सकिएकोले उक्त बैङ्क ग्यारेन्टीको म्याद थप गरी नियमानुसार कार्यसम्पन्न गर्नुपर्ने रु. | ६००,००० |
| ५४ | | | **सोलार प्यानलः-**<br><br>सिटी अटो मार्ट हेटौडा वाट सोलार प्यानल ८ पिस, कन्ट्रोल पिस २ सहित को सोलार व्याकअप सिष्टम सप्लाई तथा जडान वापत सिटी अटोमार्टलाई रु.३९८९६८ भुक्तानी गरी दा.नं.२२३ मिति ०७९।३।१४ वाट दाखिला गरेकोमा लेखापरीक्षण अवधि सम्म पनि जडान नभएको रु. | ३९८,९६८ |
| ५५ | | | **बिमाः-**<br><br>आशिष/आशिर्वाद/स्वामीनारायण जे.भी.लाई भौ.न.४।०७९।३।१३ वाट प्रथम विल वापत रु.९४६५९८० भुक्तानी गर्दा विमा वापत प्रोभिजनल सम मा राखी रु.५५०००० भुक्तानी गरेकोमा संलग्न विल रु.५०५९८९.७१ मात्र समावेश गरेकोले विमा वापत वढी भुक्तानी दिएको रु.४४०१०.२९ असुल गर्नुपर्ने रु. | ४४,०१०.२९ |
| ५६ | | | **आन्तरीक लेखापरीक्षण-** | |
| ५६.१ | | २०७९-१०-२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकरी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात | ३५६,१२८ |

अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।तर आन्तरिक लेखापरीक्षणले औल्याएका देहायका व्यहोराहरु लेखापरीक्षण अवधी २०७९।१०।१ सम्म पनि असुल तथा फछ्र्योट गरेको प्रमाण पेश नभएकोले देहाय बमोजिमको वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं/ मिति | भुक्तानी लिने | कारोवारको व्यहोरा | भुक्तानी रकम | बढि भुक्तानी रकम | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| ५६/०७८।६।१४ | | फरफार समिति बैठक भत्ता वापतको रकम भुक्तानी | ११८५०० | १६५७५ | लक्ष्मी मुक्तान र आयशा जोशीको उपस्थिति भन्दा बढि भुक्तानी |
| ९०/०७८।६।२३ | हस्तराम नेगी | भुमि समस्य समाधान सम्बन्धी कार्यक्रम | ३३८७२ | १३००५ | भर्पाईमा हस्तक्षर नभएको |
| ९१/०७८।६।२३ | हस्तराम नेगी | बाल सहजकर्ताहरुको क्षमता अभिवृद्धि तालिम | ५५७६५ | २७५२८ | २४९७८ को भर्पाईमा हस्तक्षर नभएको र अन्य ३ जनाको बैठकको उपस्थितिमा हाजिरि नभए पनि उक्त दिनको भत्ता भुक्तानी भएको |
| १६०/०७८।८।१४ | सरिता स्याङ्तान | उद्दार राहत तथा पूनर्स्थापना खर्च | १००००० | १०००० | आर्थिक सहायता किन दिएको सो कुरा एकिन हुने काजगात नभएको |
| २६२/०७८।१०।११ | छतु शाह | सहकारी तालिम खर्च भुक्तानी | २५०२०० | २५०२०० | कार्यक्रम सम्पन्न गरेको कागजात र बिल भर्पाई वेगर पे.फ. र सोधभर्ना गरिएको |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २८४/०७८।१०।१३ | अशोक शर्मा | विविध खर्च , मसलनन्द तथा कार्यालय सामाग्री खरिद | ३७५०० | २०००० | वडा समितिको बैठक माइन्युट को प्रतिलिपि नभएकोले खर्च एकिन गर्न सकिएन |
| ३०७/०७८।१०।१७ | एराटेक सप्लायर्स | गा.पा वडा कार्यालयहरु , स्वास्थ्य चौकी , विद्यालयहरुमा ई हाजिरी मेसिन जडान | २७५५६५ | | सबै स्थानमा जडान भएको र संचालनमा रहेको भनि प्रमाणित गर्ने कागजात संलग्न नभएको |
| ३३३/०७८।१०।१७ | देवलाल बल | विविध खर्च , मसलनन्द तथा कार्यालय सामाग्री खरिद | १२००० | १२००० | वडा समितिको बैठक माइन्युट को प्रतिलिपि नभएकोले खर्च एकिन गर्न सकिएन |
| ४७६/०७९।२।२५ | अशोक शर्मा | विविध खर्च , मसलनन्द तथा कार्यालय सामाग्री खरिद | १६००० | १६००० | वडा समितिको बैठक माइन्युट को प्रतिलिपि नभएकोले खर्च एकिन गर्न सकिएन |
| ५०९/०७९।३।९ | सन्तोष कुमार शाह | विविध खर्च , मसलनन्द तथा कार्यालय सामाग्री खरिद | १२००० | १२००० | वडा समितिको बैठक माइन्युट को प्रतिलिपि नभएकोले खर्च एकिन गर्न सकिएन |
| ५२९/०७९।३।१३ | नितेश कुमार यादव | विविध खर्च , मसलनन्द तथा कार्यालय सामाग्री खरिद | ३६००० | ३६००० | वडा समितिको बैठक माइन्युट को प्रतिलिपि नभएकोले खर्च एकिन गर्न सकिएन |
| ५३६/०७९।३।१४ | राम बहादुर थिङ | विविध खर्च , मसलनन्द तथा कार्यालय सामाग्री खरिद | २४००० | २४००० | वडा समितिको बैठक माइन्युट को प्रतिलिपि नभएकोले खर्च एकिन गर्न सकिएन |

| | | | | |
|---|---|---|---|---|
| ५५६/०७९।३।१९ | सरिता शर्मा | विविध खर्च , मसलनन्द तथा कार्यालय सामाग्री खरिद | २४००० | २४००० | वडा समितिको बैठक माइन्युट को प्रतिलिपि नभएकोले खर्च एकिन गर्न सकिएन |
| ५५७/०७९।३।२० | ज्वाला कुमारी स्याङ्तान | विविध खर्च , मसलनन्द तथा कार्यालय सामाग्री खरिद | १२००० | १२००० | वडा समितिको बैठक माइन्युट को प्रतिलिपि नभएकोले खर्च एकिन गर्न सकिएन |
| ५५८/०७९।३।२० | राम बहादुर थिङ | विविध खर्च , मसलनन्द तथा कार्यालय सामाग्री खरिद | १२००० | १२००० | वडा समितिको बैठक माइन्युट को प्रतिलिपि नभएकोले खर्च एकिन गर्न सकिएन |
| ५८७/०७९।३।२२ | रामचन्द्र शिवकोटी | विविध खर्च , मसलनन्द तथा कार्यालय सामाग्री खरिद | ४८००० | ४८००० | वडा समितिको बैठक माइन्युट को प्रतिलिपि नभएकोले खर्च एकिन गर्न सकिएन |
| ५८८/०७९।३।२२ | राजेन्द्र थिङ | विविध खर्च , मसलनन्द तथा कार्यालय सामाग्री खरिद | ४८००० | ४८००० | वडा समितिको बैठक माइन्युट को प्रतिलिपि नभएकोले खर्च एकिन गर्न सकिएन |
| | जम्मा | | | ३५६१२८ | |

५६.२

आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ३९ (५) मा प्रमाण सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको विभिन्न काममा सवारी साधन भाडामा लिए वापत रकम भुक्तानी गरिएको छ । भुक्तानी साथ ढुवानी साधनको तौल खुल्ने विवरण ढुवानी गरेको अवधि, गाडि नम्बर खुल्ने कागजात, नविकरण भएको बिलबुकको प्रतिलिपि साथै ढुवानी सम्झौता लगायत आवश्यक कागजात पेश बेगर भुक्तानी दिएको छ । तसर्थ कार्यालयले यस तर्फ खर्च मितव्ययी अपनाउने तर्फ ध्यान दिन आवश्यक छ । जस्तै

| | | | |
|---|---|---|---|
| गो.भौ.नं/मिति | भुक्तानी लिने | भाडा रकम | कैफियत |
| ५७/०७८।६।१४ | अजय प्रजा | २९००० | |
| ८१/ ०७८।६।२२ | गोपाल बहादुर विश्वकर्मा | २०००० | |
| १०७/०७८।७।६ | जय नेपाल ढुवानी सेवा | १२००० | |
| १५२/०७८।८।११ | सुनिल कर्माचार्य | ५९००० | |
| १६८/०७८।८।२३ | राजेन्द्र तामाङ घिसिङ | ३०००० | |
| १९६/०७८।९।२ | अजय प्रजा | २२००० | |
| २०८/०७८।९।७ | शुक्रराज थिङ | ५४००० | |
| २५२/०७८।१०।३ | सैलेन्द्र कुमार बर्तौला | ३३२०० | |
| ४१०/०७९।१।१० | राम बहादुर थिङ | ६०००० | |
| ४३९/०७९।२।१० | अजय प्रजा | ३२००० | |

५६.३

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवर व्यक्तिले सरकरी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।तर आन्तरिक लेखापरीक्षणले औल्याएका देहायका व्यहोराहरु लेखापरीक्षण अवधी २०७९।१०।१ सम्म पनि असुल तथा फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले रु.१९२०२०८ वढी भुक्तानी भएको रकम प्रमाण गर्नुपर्ने रु.

१,९२०,२०८

| भौ.नं / मिति | भुक्तानी लिने | कारोवारको व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|
| १२ ६/० | सिद्धार्थ क्रियाशि | कृषि तर्पका साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | ५ ६ | सम्झौता बमोजिम कृषकहरुले बुझाउनुपर्ने ५० प्रतिशत रकम बुझाएको भर्पाई संलग्न नभएको |

| | | | | |
|---|---|---|---|---|
| ७९।१।९ | ल कृषक समुह | | ६९६० | |
| १८५/०७९।३।९ | सन्तोष कुमार शाह | विद्यालय स्वास्थ्य शिक्षा आमा समुह तथा महिला स्वास्थ्य स्वयम सेविकाहरुको लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम | ९७६१३ | २०७९।२।१६गते आधारभुत स्वास्थ्य केन्द्र कैलाश -२ बैकुण्ठमा भ्रमण वापत प्र. प्र. अ. रु ४६००, लेखापाल रु ३७०० र सुधिर कुमार महत्तोको रु ३७०० गरि कुल रु १२००० को बुझेको भर्पाई संलग्न नभएको |
| २०१/०७९।३।१८ | संजिव कुमार मण्डल | परिवार नियोजन, किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | ६६४१० | लेखापाल नविन धितालको रु १७०० को भत्ता बुझिलिएको हस्तक्षर नभएको |
| २२८/०७९।३।२४ | डाँडाखर्क स्वास्थ्य चौकी | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | ७६०० | लक्ष्मी घलान र एन्जिला अधिकारीको ३८००/३८०० गरि कुल रु ७६०० भुक्तानी भएकोमा सेवाग्राहीले सेवा लिएको प्रमाण र यातायात खर्च बुझेको भर्पाई संलग्न नभएको |
| २३२/०७९।३।२४ | सुधिर कुमार महत्तो | गा.पा. भित्रका विभिन्न स्वास्थ्यहरुले आफ्नो वडा भित्रका स्कुलमा गई विभिन्न रोगहरुको दिवस मनाए वापतको रकम | ९१८०० | दिवस मनाएका ७ वटा स्वास्थ्य चौकी र पालिका गरि कुल रु ९१८०० को भर्पाई संलग्न नभएको |
| २३ | बलमटार | तरकारी वालिको साना व्यवसायिक | १ | कार्य सम्पन्न प्रतिवेदन र बिल रकम फरक परेको, |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८/०७९।३।२४</td><td>कृषि समुह</td><td>कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम</td><td>०८९८२५</td><td>धन बहादुर तामाङले बुझिलिएको भर्पाई नभएको,<br>५० प्रतिशत रकम लाभग्राहीले बुझाएको भौचर संलग्न नभएको ,</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>
सुरक्षित नागरीक आवास-<br><br>
सुरक्षित नागरीक आवास कार्यान्वयन कार्यविधि, २०७५ को सि.न.१५ अनुसार कार्यक्रम कार्यान्वयनमा सहयोग पर्याउन गठीत समन्वय समितिको निर्णय अनुसार देहाय बमोजिम लाभग्राही छनौट गरी पठाएकोमा देखिएका व्यहोरा निम्ननुसार छन्
<table>
<tr><th>भौ. न .</th><th>छनौट भएका लाभग्राही संख्या</th><th>अनुदान सम्झौता गर्ने संख्या</th><th>भुक्तानी लिने संख्या</th></tr>
<tr><td>७।०७९।२।१७</td><td>७५</td><td>५५</td><td>३०</td></tr>
</table>
उल्लेखित विवरण अनुसार छनौट भएका लाभग्राही मध्ये ४० प्रतिशतले मात्र भुक्तानी लिएकोले कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता आएको देखिएन ।
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td>२०७९-१०-२</td><td>
सामाजिक सुरक्षा भत्ता-<br><br>
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७(१८)३ मा भत्ता वितरण भई निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ भने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सार्वजनिक नियकाले विल भरपाई तथा प्रमाण कागजातको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागी रु. .७४७८६८११ निकाशा मध्ये प्रथम त्रैमासिकमा १७६१ लाभग्राहीको लागी रु.१८४९८४९९ निकाशा मध्ये रु.१६६४८६२५ वितरण, दोस्रो चौमासिकमा १७८२ लाभग्राहीको लागी रु. १८६४४७६२ मध्ये रु.१६८३५९९५ वितरण, तेस्रो चौमासिकमा १७९२ लाभग्राहीका लागि रकम रु.१८७४३७०० वितरण मध्ये रु.१२७३६२३० वितरण,चौथो चौमासिकमा १८१६ लाभग्राहीका लागि रकम रु.१८८९९८५० मध्ये
</td><td></td></tr>
</table>

